स्थानीय तहमा कार्यरत

कर्मचारीहरुको लागि व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सूचना व्यवस्थापन (VERSP-MIS) प्रणाली सम्बन्धी २ दिने सिपमूलक प्राविधिक तालिम २०७९

# तालिम तथा कार्यक्रमको प्रगति प्रतिवेदन

**आयोजक**

सामाजिक सुरक्षा तथा पञ्जीकरण उप-शाखा

लिखु गाँउपालिका, गाँउ कार्यपलिकाको कार्यालय, यसम

ओखलढुंगा, प्रदेश न: १

नेपाल

**पृष्ठभुमि:** लिखु गाउँपालिकाको आर्थिक बर्ष ०७८/७९ मा लिखु गा.पा. को कर्मचारी तालिम खर्च शिर्षकमा रु. ६००००।- बजेट विनियोजन भएको र सो को आधारमा यस गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई भि.ई.आर.एस.पि.-एम.आई.एस. सञ्चालन सम्बन्धी सिपमूलक ज्ञान प्रदान गर्ने तथा यस गाउँपालिकालाई सूचना, संचार तथा प्रविधिको क्षेत्रमा अघि बढाउने उदेश्य सहित २ दिने व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, सूनचा व्यवस्थापन (VERSP-MIS), गुनासो व्यवस्थापन (GMS), डिजिटाइजेसन प्रणाली सञ्चालन सम्बन्धी सिपमूलक तालिम सम्पन्न गरी यो प्रतिवेदन पत्र तयार गरिएको छ ।

**तालिमको किसिम:** एम.आइ.एस. प्रणाली सञ्चालन सम्बन्धी प्राविधिक तालिम

**तालिमको नाम:** स्थानीय पञ्जिकाधिकारीहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता, सूचना व्यवस्थापन प्रणाली सञ्चालन (क्षमता विकास) सम्बन्धी २ दिने प्राविधिक तालिम ।

**तालिमको औचित्य:**

यस तालिम पश्चात वडाका कर्मचारीहरुले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, सूनचा व्यवस्थापन (VERSP-MIS) प्रणाली, गुनासो व्यवस्थापन प्रणाली सञ्चालन तथा डिजिटाइजेसन सिस्टम गाउँपालिकामा सञ्चालित व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा (एम.आइ.एस.) सफ्टवेयरको सञ्चालन तथा प्रयोग गर्न सक्नेछन् ।

**तालिमको उदेश्य:**

- व्यक्तिगत घटना दर्ता अनलाईन मार्फत गर्न सक्नु ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता तथ्याङ्क व्यवस्थापन गर्न सक्नु ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी गुनासो व्यवसथापन प्रणाली सञ्चालन गर्न सक्नु ।
- डिजिटाइजेसन प्रणालिमा तथ्याङ्क रुजु गर्न सक्नु ।

**तालिम संचालन गर्ने स्थान:** लिखु गाँउ कार्यपलिकाको कार्यालयको सभाहल ।

**तालिम संचालन गर्ने समय:** विहान १०:३० बजे देखि दिउसो ४:४५ बजे सम्म ।

**तालिम संचालन गर्ने मिति तथा अबधि:** २०७९/१०/२४ र २५ गते (२ कार्य दिन)

**तालिम दिईने विषयबस्तु:**

**क.** जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) ऐन २०३३, जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संसोधन) नियमावली, २०७५, सम्बन्धमा,

**ख.** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण( पहिलो संशोधन) नियमावली २०७८, सम्बन्धमा,

**ग.** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ सम्बन्धमा,

**घ.** व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन (VERSP-MIS) प्रणाली सञ्चालन सम्बन्धी सैदान्तिक र प्रयोगात्मक,

**ङ.** गुनासो दर्ता तथा व्यवस्थापन प्रणाली सञ्चालन सम्बन्धी सैदान्तिक र प्रयोगात्मक,

**च.** व्यक्तिगत घटना दर्ताका पुराना डड्डाहरुको डिजिटाईजेसन गरिएको डाटाहरु हेर्ने र प्रतिलिपि जारी गर्ने सम्बन्धी सैदान्तिक र प्रयोगात्मक,

**सम्पादित मुख्य क्रियाकलापहरु:-**

**क.** जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) ऐन २०३३, जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संसोधन) नियमावली, २०७५, रहेको महत्वपुर्ण दैनिकि विषय बस्तुहरुमाथि छलफल तथा संशोधित विषयमा पृष्ठपोषण कक्षा,

**ख.** राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण( पहिलो संशोधन) नियमावली २०७८, सम्बन्धमा रहेको महत्वपुर्ण दैनिकि विषय बस्तुहरुमाथि छलफल तथा संशोधित विषयमा पृष्ठपोषण कक्षा,

**ग.** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ सम्बन्धमा, रहेको महत्वपुर्ण दैनिकि विषय बस्तुहरुमाथि छलफल तथा संशोधित विषयमा पृष्ठपोषण कक्षा,

**घ.** व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापन (VERSP-MIS) प्रणाली सञ्चालन सम्बन्धी सैदान्तिक र प्रयोगात्मक कक्षा,

**ङ.** गुनासो दर्ता तथा व्यवस्थापन प्रणाली सञ्चालन सम्बन्धी सैदान्तिक र प्रयोगात्मक कक्षा,

**च.** व्यक्तिगत घटना दर्ताका पुराना डड्डाहरुको डिजिटाईजेसन गरिएको डाटाहरु हेर्ने र प्रतिलिपि जारी गर्ने सम्बन्धी सैदान्तिक र प्रयोगात्मक कक्षा कक्षा,

**खर्च बजेट (२ दिने प्रशिक्षणका लागि)**

| सि.नं | बिबरण | परिमाण | दिन | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहभागीहरु | १७ | १ | १००० | १७००० | |
| २ | प्र.प्र.अ./लेखा | ४ | १ | १००० | ४००० | |
| ३ | प्रशिक्षक | १ | २ | ५६०० | ५६०० | |
| ४ | का.स. | १ | २ | ५०० | १००० | |
| ५ | स्टेशनरी (स्पाइरल, पेन) | १२ | १ | २०० | २४०० | |
| ६ | खाना/खाजा | | | | १०६०० | |
| ७ | फ्लेक्स | १ | १ | १००० | १००० | |
| ८ | प्रतिवेदन | १ | | १००० | १००० | |
| ९ | प्रमाणपत्र | १० | | | २००० | |
| १० | विविध | | | | २१०० | |
| | **जम्मा** | | | | **४६,७००** | |

**बजेत व्यवस्थापन:** घटना दर्ता सामाजिक सुरक्षा (VERSP-MIS) प्रणाली सम्बन्धमा वडा कार्यालयका कर्मचारीका लागि पुर्नताजकि तालिम शिर्षकमा रहेको रु. ४६,७००।– बाट हुने ।

**अपेक्षित उपलव्धिः-**

यस तालिम पश्चात कर्मचारीहरुले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, सूनचा व्यवस्थापन (VERSP-MIS), गुनासो व्यवस्थापन (GMS), डिजिटाइजेसन प्रणाली सञ्चालन गरी सफ्टवेयर मार्फत कार्य सम्पादन गर्न सक्नेछन् ।

९. **निष्कर्ष**:

यस लिखु गाउँपालिकामा सञ्चालन भएको स्थानिय पञ्जिकाधिकारीहरुलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता, सूचना व्यवस्थापन प्रणाली सञ्चालन (क्षमता विकास) सम्बन्धी २ दिने प्राविधिक तालिम गाउँ कार्यपालिकाको सभाहलमा सहभागी, गा.पा. अध्यक्ष नि.प्रमुख प्रशासकिय अधिकृतको सहयोगमा सफलतापूर्वक सम्पन्न गरियो ।

| तयार गर्ने | रुजु गर्ने | प्रमाणित गर्ने |
|---|---|---|
| खिला वि.क. | बलराम फुयल | लिलाराज श्रेष्ठ |
| एम.आई.एस. अपरेटर | आर्थिक प्रशासन उप-शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
| लिखु गाउँपालिका | लिखु गाउँपालिका | लिखु गाउँपालिका |